अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः ३ मितिः२०८२|०१|३०

भाग-२

**जैमिनी नगरपालिका क्षेत्रको खोला,नदीनाला तथा निजी जग्गाबाट ढुङ्गा,गिटी, बालुवा,ग्राभेल,माटो, तथा खनिज जन्य प्रकृतिक स्रोत–साधन (संकलन र उपयोग) बिक्रि बितरण सम्बन्धी कार्यविधि, २०८२**

**जैमिनी नगरपालिका**

**जैमिनी नगरपालिका क्षेत्रको खोला,नदीनाला तथा निजी जग्गाबाट ढुङ्गा,गिटी, बालुवा,ग्राभेल,माटो, तथा खनिज जन्य प्रकृतिक स्रोत–साधन (संकलन र उपयोग) बिक्रि बितरण सम्बन्धी कार्यविधि, २०८२**

**नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८२|०१|३० गते**

## प्रस्तावना

जैमिनी नगरपालिका क्षेत्र भित्रका कालीगण्डकी नदी, खोला, खोल्सा, तथा निजी तथा सार्वजनिक जग्गाहरुमा रहेका नदीजन्य, पदार्थहरुको संरक्षण र व्यवस्थापन तथा सदुपयोग गरी सहज आपूर्ति गर्न र नदी तथा खानीजन्य उद्योगबाट उत्खनन्, संकलन तथा विक्री वितरण हुने पदार्थहरुलाइ अव्यवस्थित र अत्याधिक दोहनहुन नदिन, दिगो व्यवस्थापनको प्रबन्धमिलाई सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन र स्थानीय स्तर बाटै उपलव्ध हुने स्रोतसाधनहरुलाई अधिकतम रुपले उपयोग गरी छिटो छरितो र मितव्ययी रुपले भौतिक पूर्वाधार निर्माणका कार्यहरु संचालन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद–१ प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः-

(१) यस कार्यविधिको नाम “जैमिनी नगरपालिका क्षेत्र भित्रका खोला, नदीनाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, माटो तथा खनिज जन्य प्रकृतिक स्रोत–साधन (संकलन र उपयोग) बिक्री वितरण सम्बन्धी कार्यविधि, २०८२” रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने छ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) “जिल्लास्तरीय अनुगमन समिति” भन्नाले दफा १५ बमोजिम गठित जिल्लास्तरीय अनुगमन समिति र नगरस्तरीय अनुगमन समिति भन्नाले दफा १६ बमोजिम गठित नगरस्तरीय अनुगमन समिति सम्झनु पर्छ।

(ख) “अनुमतिपत्र” भन्नाले कुनै नदीजन्यपदार्थ वा सोको सट्टामा उपयोग गर्न सकिने खानीजन्य पदार्थको संकलन र विक्रि–वितरण गर्न यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमतिपत्र

सम्झनुपर्छ।

(ग) “उद्योग” भन्नाले कच्चापदार्थको रुपमानदी तथा खनिज जन्य पदार्थको प्रयोग हुने मेसिनरी औजार जडित उद्योग सम्झनु पर्छ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग

र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउँछ।

(घ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्छ।

(ङ) "नदीजन्यपदार्थ" भन्नाले जैमिनी नगरपालिका क्षेत्र भित्रका नदी, खोला, खोल्सा, खहरेमा बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सा र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा नीजि जग्गा माथि थ्रिएको, निजी जग्गालाइ खेतीयोग्य वनाउने सिलसिलामाा उत्पादन भएको ढुंगा, ग्राभेल, बालुवा, गिट्टी, मिस्कट, भस्कट, ग्रेगान, माटो तथा

सोही प्रकृतिको अन्य खानीजन्य स्रोत सम्झनु पर्छ।

(च) "प्रदुषण" भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरि वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी–नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ज) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानुन बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्छ।

(झ) "प्राविधिक समिति" भन्नाले दफा ५ (२) बमोजिम गठित समिति सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" यस सम्बन्धि विषय हेर्ने प्रदेश र संघीय सरकारको सम्बन्धित मन्त्रालय सम्झनु पर्छ

(ट) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरु, आर्थिक तथा मानवीय क्रियाकलाप र यसका अवयव तथा ती अबयवको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ।

(ठ) "वातावरणीय प्रभाव मूल्यांङकन" भन्नाले प्रचलित वातावरण सम्बन्धी कानुन बमोजिमको वातावरणीय प्रभाव मूल्यांकन सम्झनु पर्छ।

(ड) "विभाज्यकोष " भन्नाले अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानुन बमोजिमको कोष सम्झनुपर्छ।

(ढ) "संरक्षण" भन्नाले वातावरण तथा राष्ट्रिय सम्पदाको सुरक्षा, स्याहार, सम्भार, सम्बद्र्धन, व्यवस्थापन तथा सदुपयोग सम्झनुपर्छ।

## परिच्छेद–२

## प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन

३.प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेः-

(१) यस कार्यविधि बमोजिम नदी तथा खनिजजन्य पदार्थ उत्खनन् र विक्रि–वितरण गर्दा प्रचलित वातावरण संरक्षण कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पारी सम्बन्धित निकायबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रतिवेदनको एक /एक प्रति प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र संघीय सरकारको सम्बन्धित मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय वनभित्रका क्षेत्रबाट संकलन गर्नुपर्ने नदीजन्य वा खनिज जन्य पदार्थको हकमा प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(४) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र एंव संरक्षण क्षेत्र भित्रका नदी क्षेत्रबाट संकलन गर्नुपर्ने नदी तथा खनिजजन्य पदार्थको हकमा प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु अघि सम्बन्धित संरक्षित क्षेत्रका कार्यालयबाट सहमति लिनु पर्नेछ ।

(४) प्रारम्भिक वातावरणीय परीक्षण तयार सम्बन्धी व्यवस्था

(१) वातावरण संरक्षण सम्बन्धी प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) नगर कार्यपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत गर्नुभन्दा अघि दफा ५(२) बमोजिमको प्राविधिक समितिको सिफारिसको आधार लिनु पर्ने छ ।

(३) प्राविधिक समितिबाट सिफारिस सहित पेश भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन नगर कार्यपालिकाको बैठकले प्रचलित वातावरण संरक्षण सम्बन्धी कानुन बमोजिम स्वीकृत गर्न सक्नेछ ।

## परिच्छेद–३

## नदी तथा खानीजन्य पदार्थको संकलन क्षेत्र तथा परिमाण निर्धारण

५. नदी तथा खानीजन्यपदार्थको सर्वेक्षण तथा क्षेत्र एकिन गर्नुपर्ने

(१) नदी तथा खानीजन्य पदार्थ संकलन गर्न सकिने सम्भावित क्षेत्रको विवरण सहितको कार्ययोजना हरेक दोस्रो आर्थिक वर्षको श्रावण मसान्त भित्र नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(२) नगरपालिका क्षेत्रका नदीतथा खनिज जन्य पदार्थ संकलन गर्न मिल्ने क्षेत्रको पहिचान, निर्धारण तथा परिमाण एकिन गर्नका लागि देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ।

(क) भौतिक पूर्वाधार विकास शाखाको प्रमुख/ इन्जिनियर – संयोजक

(ख) नगर प्रमुखले तोकेको निर्वाचित प्रतिनिधि वा वडा अध्यक्ष – सदस्य

(ग) नगर कार्यपालिकाले तोकेको अधिकृत प्रतिनिधि – सदस्य

(घ) वन तथा संरक्षित क्षेत्रको क्षेत्राधिकारमा पर्ने क्षेत्रमा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयको अधिकृत प्रतिनिधि – सदस्य

(ङ) नगरपालिकाको वातावरण शाखा प्रमुख – सदस्य सचिव

(३) प्राविधिक समितिले संकलन गर्न सकिने नदीजन्य वा खनिज जन्य पदार्थको परिमाण र विधि एकिन गर्दा देहाय बमोजिमको क्षेत्रबाट मात्र प्रचलित कानुन बमोजिम आवश्यक प्रक्रिया पूरा गरी उत्खनन् तथा संकलन गर्न सकिने गरी एकिन गर्नुपर्नेछ।

(क) नदीजन्य ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल तथा माटो जस्ता वस्तुहरु उत्खनन् र विक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्र,

(ख) नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले ढुंङ्गा र माटो जन्यपदार्थ थुप्रनगई सो को कारणले बस्ती तथा भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने अवस्था सृजना भई त्यस्ता पदार्थ हटाउनु पर्दा तोकिने स्थल,

(ग) सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन् गरी ढुंगा र माटोजन्य पदार्थ निकाल्न

सम्बन्धित वडाको सिफारिसमा नगर कार्यपालिकाबाट निर्णय भै अनुमति/इजाजत प्रदान गरिएको क्षेत्र,

(घ) विभिन्न प्राकृतिक भौतिक पूर्वाधार, सडक तथा संरचनाहरु निर्माण गर्ने क्रममा उत्खनन

हुनेक्षेत्र,

(ङ) दर्ता पूर्जा कायम भएको नीजि जमिनलाई खेतियोग्य बनाउने क्रममा ढुंगा तथा माटोजन्य

पदार्थ हटाउनु पर्दा नगर कार्यपालिकाले तोकेको क्षेत्र,

(४) उपदफा (२) बमोजिमको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नगरपालिकाबाट स्वीकृत कार्ययोजनाको आधारमा नदीजन्य पदार्थ संकलन गर्न सकिने खोला, नदी तथा सोको आसपासको क्षेत्र पहिचान गरी संकलन गर्न सकिने परिमाण र विधि एकिन गरी नगर कार्यपालिकामा प्रतिवेदन सहित सिफारिस गर्ने,

(ख) खण्ड (क) बमोजिमको प्रतिवेदनमा संकलन गर्न सकिने प्रत्येक ठाउँको देहायका विषय

सहित प्राविधिक विषयहरु समेत समावेश भएको हुनुपर्नेछ

(१) नदी तथा खानी जन्यपदार्थ संकलन गर्ने तरिका

(२) संकलन गर्दा विचार गर्नुपर्ने विषयहरु

(३) खोला तथा नदीको पुनरुत्थानका तरिकाहरु,

(४) संकलन गर्ने क्षेत्र तथा परिमाण लम्बाइ, चौडाइ, गहिराई सहितका विवरणहरु,

(५) नदी किनार तथा सम्वेदनशील क्षेत्रबाट (पुल, बस्ती, वनक्षेत्र, रोड, पुरातात्विक महत्वका

सम्पदा तथा हाईटेन्सनको टावर) छाड्नुपर्ने दुरी सम्बन्धी विवरण अनुसूचि १ मा उल्लेख भए अनुसार हुने छ।

(६) उत्खनन् विधि र प्रयोग हुने मेशिन तथा औजार,

(७) नदीजन्य पदार्थहरु संकलन गर्न नहुने क्षेत्र

(८) भण्डारण गर्न सकिने क्षेत्र तथा अवधि

(९) खानी जन्य स्रोतसाधन उत्खनन तथा संकलनका क्षेत्र तथा सो सम्वन्धी विषय

(ग) प्रतिवेदन तयार गर्ने क्रममा प्राविधिक समितिले सम्बन्धित वडाका जन प्रतिनिधि र स्थानीय बासिन्दा समेतको रोहवरमा खण्ड (ख) मा उल्लेखित विषयहरु निर्धारण गरी प्रतिवेदनमा उल्लेख गर्नुपर्नेछ।

(घ) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षणको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एंवअन्य सम्वेदनशील क्षेत्रबाट नगर कार्यपालिकाबाट निर्णय नभएसम्म माटो उत्खनन् गरिने छैन।

(५) पानी बगिरहेको नदीको पिधबाट कुनै पनि नदीजन्य पदार्थ संकलन गरिने छैन र वर्षातको समयमा पानीभित्र कुनै पनि संकलन गर्ने साधन प्रवेश गर्न दिइने छैन।

(६) सडक विभाग र सम्बन्धित निकायले तोकेको सडक सीमा र कार्यविधि भित्रको क्षेत्रमा ढुं गा, गिट्टी र बालुवा उत्खनन् र संकलन गर्न वा सञ्चय गर्नपाइने छैन।

(७) उपदफा (५) र (६) मा जेसुकै कुरा लेखिएको भएता पनि नदीको सतह बढि सडक पुल वा बस्ती जोखिममा परेको भनी सम्बन्धित पुलको स्वामित्व रहेको निकायबाट सतह घटाउनुपर्ने भनी स्पष्ट किटानी गरेको अवस्थमा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले प्राविधिकको

रोहवरमा तोकिएको हदसम्मको त्यस्तो नदीजन्य पदार्थ हटाई बिक्रि गर्नसक्नेछ।

(८) नगरपालिकाले वर्षको समयमा बगेर आउने वालुवालाई वातावरणीय प्रतिवेदनको आधारमा नदीमा बाँध बनाई जमाउने तथा निश्चित मात्रामा ग्राभेल, वालुवा हार्भेस्टिङ् गरेर संकलन तथा विक्रि वितरण गर्ने व्यवस्था गर्न सक्ने छ।

६. प्रतिवेदन पेश गर्नुपर्ने

(१) प्राविधिक समितिले हरेक आर्थिक वर्षको श्रावण महिना भित्र सो को क्षेत्र निर्धारण तथा परिमाण एकिन गरेको प्रतिवेदन नगरकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ।

(२) नदीजन्य पदार्थ संकलन गर्ने क्षेत्र निर्धारण तथा परिमाणको प्रतिवेदन प्राविधिक समितिबाट प्राप्त भएपछि नगर कार्यपालिकाले सो प्रतिवेदनमा संशोधन गर्नुपर्ने भए संशोधन गरी कार्यान्वयनका लागि निर्देशन दिनेछ।

(३) प्रतिवेदनमा उल्लेख गरिएको क्षेत्रबाट तोकिएको परिमाण मात्र संकलनका लागि नगरपालिकाले प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नेछ।

(४) नदी तथा खनिजजन्य पदार्थको संकलन वा उत्खनन क्षेत्र दुई वा सो भन्दा बढी स्थानीयतहको क्षेत्रभित्र पर्ने अवस्था भएमा सम्बन्धित जिल्ला समन्वय समितिले आवश्यक व्यवस्था मिलाउनेछ।

(५) जिल्लाको सिमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्नुपर्दा सम्बन्धित मन्त्रालयले समन्वय गरी आवश्यक व्यवस्था मिलाउनेछ।

(६) प्रदेशको सीमानामा पर्ने नदीबाट नदीजन्य पदार्थ संकलन उत्खनन् गर्ने सम्बन्धमा प्रदेश सरकारले

सहजीकरण गरी आवश्यक व्यवस्था मिलाउने छ।

## परिच्छेद–४

## मूल्य, ठेक्का बन्दोबस्त, संकलन तथा उत्खनन् विधि

७. मूल्य र करको दर

नदी तथा खनिज जन्य पदार्थको मूल्य(संकलन शुल्क) प्रचलित कानुन बमोजिम र करको दर नगर सभाबाट स्वीकृत भए बमोजिम हुनेछ।

८. ठेक्का बन्दोबस्त गर्नेः-

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र पर्ने नदी तथा खनिज जन्य पदार्थ विक्री वितरण गर्न सार्वजनिक सूचना जारी गरी प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गरी विक्री वितरण गर्नु पर्नेछ।

(२) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले संकलन इजाजतलिदा सकार गरेको रकम एकमुष्ठ नगरपालिकामा अग्रीम दाखिला गर्नु पर्नेछ।

(३) लिलाम सकार गर्ने संस्था/फर्म वा कम्पनीले मूल्यअभिवृद्धि कर तोकिएको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

(४) स्थानीय व्यक्ति, संघ, संस्थालाई स्थानीय उपयोगको लागि नगर कार्यपालिकाबाट निर्णय गरी सकारकर्ताबाट दफा(७) मा तोकिए अनुसारको मूल्यलिई ढुङ्गा, गिट्टी, माटो, ग्राभेल, बालुवाको लागि सकारकर्ता फर्म वा कम्पनीले नगरपालिकाबाट अनुसूची– २ बमोजिमको संकलन इजाजत वा अनुमति पत्रलिएर मात्रनदी तथा खजिन जन्य पदार्थ संकलन गर्नुपर्नेछ।

९. नदीजन्य वा खजिन जन्य पदार्थ संकलन अवधि:-

नदीजन्य वा खनिज जन्य पदार्थको संकलन समय आश्विन देखि जेष्ठ मसान्त सम्म हुनेछ। कुनै खोला वा नदी विशेषको परिस्थितिलाईं (नदीजन्य पदार्थ तत्काल नहटाउँदा धनजन वावातावरणमा क्षति पुग्न सक्ने स्थिति) अध्ययन गरी सो समय प्राविधिक समितिको सिफारिसमा नगर कार्यपालिकाले संकलनको अवधि थपघट गर्न सक्नेछ।

१०.उत्खनन् तथा संकलन विधि:-

(१) उत्खनन् पश्चात् के कति परिमाण नदी तथा खनिजजन्य सामाग्री संकलन वा उत्खनन गरेको सम्बन्धमा नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन् गर्न नपाउने गरी साँध, किल्ला र निसानाको व्यवस्था गरि उत्खनन् कार्यको थालनी गर्नुपर्नेछ।

(२) नदीजन्य वा खनिजजन्य पदार्थ उत्खनन् गर्दा रेखाङ्कन गरिएको क्षेत्रभित्रको सीमाबाट मात्र वातावरणीय अध्ययन प्रतिवेदन तथा प्राविधिक समितिको प्रतिवेदनमा श्रममूलक प्रविधि वा मेशिनको प्रयोग सम्बन्धमा भएको व्यवस्था बमोजिम संकलन गर्नुपर्नेछ।

(३) नदीजन्य पदार्थको संकलन, उत्खनन् गर्ने परिमाण, गहिराई, स्थान, प्रविधि तथा समय समेत

सम्झौतामा नै तोकि दिनुपर्नेछ र सो अनुसारको सूचना उत्खनन् गर्ने स्थानमा अनुसुचि ३ बमोजिमको होडिङबोड/सूचना वोर्डमा उल्लेख गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) नगरपालिकाले उत्खनन् गरिने परिमाण, चार किल्ला, उत्खनन् विधि र निर्धारित विधिअनुसार उत्खनन् भएको वा नभएको सम्बन्धमा गुनासो स्न्ने अधिकारीको नाम र सम्पर्क नम्बर लगायतका जानकारी मूलक सूचनाबोर्ड संकलन स्थलमा राख्ने व्यवस्था गर्नुपर्नेछ।

(५) उत्खनन् स्थल सम्म जाने र फर्किने मार्ग निर्धारण आपसी सहमतीमा नगरपालिकाले तोके अनुसार हुनेछ। यस्तो मार्ग वनक्षेत्रभित्र पर्ने भएमा सम्बन्धित वन कार्यालयको सहमति लिनुपर्नेछ।

(६) संकलनकर्ताले नदी वा खोलामा उत्खनन्का लागि साधन सहित प्रवेश गर्दा अनुसूची ४. अनुसारको प्रवेश इजाजत लिएर मात्र उत्खनन् गर्ने व्यवस्था मिलाउनु पर्नेछ। उत्खनन् वा

संकलनको ठेक्का लिएको संस्था वा कम्पनीले त्यसरी उत्खनन् परिमाणको दैनिक तेरिज तयार गरी अनुसूचि ५ अनुसारको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(७) नदीबाट उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनमा तोकिएको गहिराई

सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन् गर्नुपर्नेछ। संकलन र उत्खनन् गर्दा नदीको पानीको वहावक्षेत्र परिवर्तन गर्ने गरी उत्खनन् गर्न पाइने छैन।

(८) संकलन र उत्खनन् कार्यमा खटिने ठेकेदारले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का, सर्त अनुसार अनुगमन समिति, प्राविधिक समिति र नगरपालिकाले अनुगमनका क्रममा दिईएका निर्देशन पालना गर्नुपर्नेछ।

(९) नदीको भिरालो क्षेत्रबाट संकलन तथा उत्खनन् गर्दा कुनै पनि मेसिनरि औजार प्रयोग गर्न पाइने छैन।

(१०) राष्ट्रिय वन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको मध्यवर्ती क्षेत्र तथा चुरे क्षेत्र एवं अन्य सम्वेदनशील क्षेत्रबाट ढुङ्गा, गिट्टी, माटो, बालुवा उत्खनन् गर्दा सामान्यत डोजर, एक्जाभेटर, लोडर जस्ता हेवीइक्वीपमेण्ट प्रयोग गर्न पाइने छैन। तर

त्यस्तो क्षेत्रबाट वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको विधि, प्रक्रिया र प्राविधिक समितिको सिफारिस अनुसारको मेशिनरी औजार प्रयोग गरी तोकिएको कार्यविधि र परिमाणमा संकलन तथा उत्खनन् गर्न सकिनेछ।

(११) उत्खनन् स्थलमा काम गर्ने कामदारको सुरक्षा र बिमा सम्बन्धी व्यवस्था, न्यूनतम पारिश्रमिक ज्यालाको भुक्तानी नियमित रुपमा गर्ने व्यवस्था सम्बन्धित उत्खनन् र संकलनकर्ताले मिलाउने गरी ठेक्का बन्दोबस्त गर्नुपर्नेछ। यसरी कामदार लगाउँदा करार गरी लगाउनु पर्नेछ।

(१२) उत्खनन्, संकलन तथा विक्री वितरणमा बालश्रमको प्रयोग गर्नुहुँदैन।

(१३) अनुमति प्राप्त फर्म वा कम्पनीले विहान ६:०० बजे देखि बेलुकी ६:०० बजेसम्मको समय अवधि भित्रमा नदी तथा खनिज जन्य पदार्थ संकलन र विक्री वितरण गर्नुपर्नेछ।

(१४) उत्खनन् तथा विक्री वितरण स्थल र मुख्य बसोबास, विद्यालय, अस्पताल, नदी बीचको दूरी तथा उत्खनन् गर्ने स्थान, परिमाण, गहिराइ सम्बन्धी व्यवस्था वातावरणीय प्रतिवेदनमा उल्लेख भए अनुसार तथा प्राविधिक समितिले तोकिएको कार्यविधिको आधारमा सिफारिस गरे बमोजिम हुनेछ।

(१५) उत्खनन् तथा विक्री वितरणबाट वातावरण प्रदूषण गर्नु हुँदैन र त्यस स्थानबाट निस्कासित फोहोरमैलाको व्यवस्थापन सम्बन्धित कम्पनी वा फर्मले नै गर्नुपर्नेछ।

(१६) उत्खनन् र विक्री वितरण कार्यको स्पष्ट अभिलेख राखी कम्पनी वा फर्मले आयकर प्रयोजनको लागि प्रतिवेदन तयार गरी आयकर तिर्नुपर्नेछ। कर कार्यलयले उत्खनन् र विक्री वितरण गर्ने फर्म वा कम्पनीको विस्तृत कर परीक्षण गर्न सक्नेछ।

(१७) सम्बन्धित उत्खनन् र विक्री वितरण गर्ने फर्म वा कम्पनीले नदी जन्यपदार्थको संकलन र उत्खनन् तथा प्रशोधन कार्यमा संलग्न मजदुरलाई सुरक्षा तालिम र सुरक्षा सामाग्री उपलब्ध गराउनु पर्नेछ।

११. पुनःस्थापना सम्बन्धी व्यवस्था:

नदी तथा खानीजन्य पदार्थको संकलन गरिएको क्षेत्रको पुन स्थापनाका लागि नदी किनार तथा आसपासका क्षेत्रमा नगरपालिकाले वन कार्यालय समेतको प्राविधिक सहयोग लिई बांस लगायतका विरुवाहरु वृक्षरोपण सहितका वायोइन्जिनियरिङ सम्बन्धि कामहरु गर्नुपर्नेछ।

१२. ओसार पसार गर्ने विधि:

(१) नदीजन्य वा खनिज जन्य पदार्थ लोडका लागि अनुसूचि ४ मा उल्लेख भए अनुसार भएका सवारी साधनहरुको पटके प्रवेश आदेश अनुसारको र राजस्व तिरेको निस्सा साथमा लिएर मात्र ओसारपसार गर्नुपर्नेछ। सो निस्सा ३ प्रति

छापि १ प्रति ढुवानी गर्ने साधनमा, १ प्रति नगरपालिकामा र १ प्रति सकारकर्ता फर्म वा कम्पनीसंग रहने व्यवस्था गर्नुपर्नेछ।

(२) नदी तथा खनिज जन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनले पटके प्रवेश आदेश र राजस्व तिरेको प्रमाणमा सबै विवरण स्पष्टसँग भर्न लगाई लिनुपर्नेछ। पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवारी नं, ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, संकलन गरेको स्थल आदि) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्काको सर्त उल्लघंन भएको मानिनेछ।

(३) नदी तथा खनिज जन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसारपसार गर्ने समय तोकि दिनुपर्नेछ।

(४) नदी तथा खनिज जन्य पदार्थ ढुवानी गर्दा टेक्टर र २५० घन फुट सम्मको ट्रक वा टिप्परको प्रयोग गर्न दिने गरी व्यवस्था मिलाउनुपर्छ।

(५) नदीजन्य वा खनिज जन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाइने छैन।

(६) नदी तथा खनिजजन्य पदार्थ ढुवानी गर्ने साधनले संकलन वा उत्खनन् स्थलबाटै ढुवानी साधनलाई त्रिपालले छोपी प्रदूषण नहुने व्यवस्था मिलाउनु पर्नेछ। यस्ता ढुवानी साधनको गति ४० कि. मी प्रति घण्टा भन्दा बढी हुन नपाउने र पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनु पर्नेछ।

(७) मूल बाटोबाट संकलन तथा उत्खनन् स्थल तर्फ सवारी साधनप्रवेश हुने मार्गमा धुलो उड्न नदिन नियमित रुपमा पानी छर्कने प्रबन्ध उत्खनन्कर्ता र ढुवानी कर्ताले मिलाउनु पर्नेछ।

(८) नदी तथा खानीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगिन्जेल सडकमा पार्किङ गर्न पाइने छैन। सवारी साधन विग्रेको हकमा यथासम्भव छिटो

सडकबाट किनारा लगाउने व्यवस्था ढुवानी कर्ताले मिलाउनु पर्नेछ।

(९) नदी तथा खनिजजन्य पदार्थको ओसारपसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधिको परिपालना सम्बन्धमा नगरपालिकाले समेत प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउनुपर्नेछ।

(१०) नदी तथा खनिजजन्य पदार्थ ढुवानी गर्दा ढुवानी साधनमा तोकिएको क्षमता भन्दा बढी हुने गरी ढुवानी गर्न पाइने छैन।

१३. नदी तथा खनिजजन्य पदार्थको भण्डारण:-

(१) नदी तथा खनिजजन्य पदार्थ संकलन स्थलबाटै सिधै बजारमा लगि विक्री वितरण गर्न सकिनेछ। बजारमा माग नभएको अवस्थामा मात्र नगरपालिकाको स्वीकृति लिइ भण्डारण गर्नु पर्नेछ।

(२) नदीजन्य तथा खनिज जन्य पदार्थ संकलन कर्ताले वनक्षेत्र, चुरेक्षेत्र, मध्यवर्ती क्षेत्र, सार्वजनिक सडकको राईट अफवे, सार्वजनिक सम्पत्तिको किनार आसपास, पानीको मुहान एवं धार्मिक तथा सांस्कृतिक महत्वका पूर्वाधारको आसपास एवं विद्यालय/कलेज/स्वास्थ्य संस्थाको आसपास भण्डारण गर्न पाइने छैन।

(३) संकलनकर्ताले भण्डारणका लागि आफ्नै स्वामित्ववा भाडामा वा सम्झौता गरी प्रचलित कानुनको प्रक्रिया पुरा गरी प्राप्त गरेको जमिनमा भण्डारण गर्नु पर्नेछ।

(४) निषेधित क्षेत्र तथा सार्वजनिक ऐलानी तथा पर्ती क्षेत्रमा बिना अनुमति नदी तथा खनिजजन्य पदार्थ भण्डारण गरेको फेला परेमा नगरपालिकाले जफत गर्नेछ। यसरी जफत भएको नदी तथा खनिज जन्य पदार्थ लिलाम विक्रि गरी प्राप्त रकम राजस्वमा दाखिला गर्नेछ।

(५) नदीजन्य पदार्थ संकलनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई भण्डारण तथा प्रशोधन गर्ने क्षेत्रको वरिपरि कम्तीमा दुई तहको वृक्षारोपण वा सेल्टरवेल्ट स्थापना गर्नुपर्नेछ।

(६) संकलन र उत्खनन् गरिएको नदीजन्य पदार्थ वातावरणीय अध्ययन प्रतिवेदनमा तोकिएको परिमाण भन्दा बढी संकलन गर्न पाइने छैन। उत्खनन कर्ताले राख्ने दैनिक उत्खनन अभिलेख अनुसूचि ६ मा उल्लेख भए अनुसार राख्नु पर्नेछ।

(७) कुनै व्यवसायी वा कम्पनीले कुनै व्यक्तिको आवादी जग्गा खेतीयोग्य बनाउने, पम्प निर्माण वा माछा पालनका लागि पोखरी खनाउने सिलसिलामा उत्पादन भएको ढुङ्गा, ग्राभेल, माटो आदिजस्ता मालवस्तुहरु तत्काल प्रयोग हुन नसकी भण्डारण गरेको भएमा त्यस्तो माल वस्तुको उत्पादन भएको

स्रोतको प्रमाण संलग्न राखी नगरपालिकाबाट स्टक प्रमाणित गरिराख्नु पर्ने छ। त्यस्ता वस्तुहरु स्टक मौज्दात अनुसार तोकिएको दस्तुर तिरी ओसार पसार गर्न बाधा पर्ने छैन।

परिच्छेद–५ आयोजनाको लागि विषेश व्यवस्था

१४. आयोजनाको लागि विषेश व्यवस्था:-

नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाबाट संचालित राष्ट्रिय गौरबका आयोजना वा ठूला आयोजनाका लागि नदी तथा खानी जन्य पदार्थको अभाव हुन नदिनका लागि नगरपालिकाले देहाय बमोजिम व्यवस्था गर्न सक्नेछ।

(क) नेपाल सरकार, प्रदेश सरकार, नगरपालिका र विकास साझेदारबाट सञ्चालित आयोजनालाई आवश्यक पर्ने ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल कुनै स्थानीय विशेषको प्रयोग गर्नुपर्ने भनि आयोजना मार्फत माग भई आएमा वातावरणीय

अध्ययनको आधारमा नगरपालिकाले तोके अनुसारको दस्तुर बुझाई तोकिएको स्थानबाट सोझै उठाउने निर्णय गर्न सक्नेछ।

(ख) प्रकरण (क) अनुसारको स्थानमा ठेक्का बन्दोवस्त भई सकेको भएमा तोकिए अनुसारको रकममा उपलब्ध गराउन आयोजना व्यवस्थापन निकायले सरकारकर्तालाई निर्देशनदिन सक्नेछ।

(ग) प्रकरण (क) र (ख) बमोजिम प्राप्त गरेको ढुंङ्गा, गिट्टी, बालुवा ग्राभेल आयोजनाको लागि मात्र उपयोग गर्नुपर्नेछ।

(घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिका तथा विकास साझेदारीबाट सञ्चालित आयोजना हरुको लागि ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल ढुवानी गर्दा समेत कार्यविधिमा उल्लेखित प्रकृया पुरा गर्नुपर्नेछ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारीको सहयोगमा सञ्चालित परियोजनाहरुलाई नदी तथा खानीजन्य पदार्थ उपलब्ध गराउनु पर्दा सम्बन्धित आयोजना कार्यालको आवश्यक परिमाण खुल्ने व्यहोराको सिफारिस, सम्बन्धित निकायले स्वीकृत गरेको वातावरणीय अध्ययन प्रतिवेदन, आयोजनाको बृहत अध्ययनप्रतिवेदन र आयोजना सञ्चालन गर्ने गरी भएको सम्झौता लगायतका कागजातको आधारमा नगरपालिकामा नियमानुसारको राजश्व बुझाउने गरी नदी तथा खनिज जन्य पदार्थ उपलब्ध गराउन सकिनेछ।

(च) नेपाल सरकार वा प्रदेश सरकारबाट सञ्चालित राष्ट्रिय गौरबका /प्रदेश गौरबका आयोजना वा ठूला आयोजनाहरुले नदी तथा खानी जन्य पदार्थको उपयोग गर्दा मूल्य तथा कर छुट हुने छैन। तर स्थानीय स्तरमा उत्पादन भएको ढुङ्गा, ग्राभेल, माटो, वालुवा जस्ता सामाग्रीहरु कुनै उपभोक्ता समितिबाट भएको विकास निर्माणको काममा सोही प्रयोजनका लागि ल.ई.मा नै उल्लेख गरी तोकिएको अवस्थामा ढुवानी मुल्य मात्र लिइ निःशुल्क उपलव्ध गराउन बाधा पर्ने छैन।

(छ) वैदेशिक सहायताबाट सञ्चालित परियोजनाको हकमा संघीय सरकारको निणर्य बमोजिम नदी तथा खानीजन्य पदार्थ निःशुल्क रुपमा उपलब्ध गराउनु पर्ने भएमा सम्बन्धित योजनाको सम्झौतामा सो विषय खुलेको हुनुपर्नेछ।

## परिच्छेद–६

## अनुगमन तथा मुल्याङ्कन सम्वन्धी व्यवस्था

१५. जिल्ला स्तरीय अनुगमन सम्बन्धी व्यवस्था:- (१) नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न देहाए बमोजिम पदाधिकारीहरु रहेको एक नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति रहनेछ:-

(क) जिल्ला समन्वय समितिको प्रमुख संयोजक
(ख) नगरपालिकाको नगर प्रमुख सदस्य
(ग) प्रमुख जिल्ला अधिकारी सदस्य
(घ) जिल्ला प्रहरी कार्यालयको प्रमुख सदस्य
(ङ) जिल्ला स्थित सशस्त्र प्रहरीबल प्रमुख सदस्य
(च) डिभिजन वन कार्यालयको प्रमुख सदस्य
(छ) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत जिल्लामा कार्यरत मध्येबाट समितिले तोकेको इन्जिनियर सदस्य
(ज) आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालय वा सो नभएको जिल्लाको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख सदस्य
(झ) जिल्ला समन्वय अधिकारी सदस्य सचिव
(२) जिल्ला अनुगमन समितिले आवश्यकता अनुसार अन्य सम्बन्धित क्षेत्रका विज्ञ वा पदाधिकारीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्ला अनुगमन समितिले ढुङ्गा, गिट्टी, बालुवा व्यवस्थापन सम्बन्धमा देहायका विषयमा जुनसुकैबेला अनुगमन गरी सम्बन्धित उत्खनन् वा संकलनकर्तालाई आवश्यक निर्देशन दिन वा सो सम्बन्धमा सम्बन्धित नगरपालिकालाई देहाय बमोजिम कारबाहीको लागि लेखि पठाउन सक्नेछ।

(क) वातावरणीय अध्ययन प्रतिवेदनका शर्तको पालना

(ख) उत्खनन् र संकलनको लागि स्वीकृत विधि, प्रक्रिया र परिमाण सम्बन्धी व्यवस्थाको पालना,

(ग) राजश्व चुहावट तथा चोरी निकासी

(घ) ढुवानी गर्ने सवारी साधनले पालना गर्नुपर्ने गति सिमा, प्रदुषण नियन्त्रण, सडक सुरक्षा सम्बन्धी व्यवस्थाको पालना

(ङ) ठेक्का सम्झौताको परिपालना

(च) नदीजन्य तथा खानीजन्य पदार्थको बजार मूल्य नियन्त्रण,

(छ) सञ्चालित क्रसर उद्योगहरुले तोकिएको कार्यविधि पूरा गर/नगरेको,

(ज) नेपाल सरकारले समय समयमा तोकेको अन्य विषयहरु, प्रचलित कानुनमा तोकिएको विषयहरु तथा समितिले आवश्यक देखेका अन्य विषयहरु।

(४) अनुगमन समितिले अनुगमनको क्रममा देखेका विषयहरुमा आवश्यक सुधारका लागि दिएको निर्देशन सम्बन्धित उत्खननकर्ता वा संकलनकर्ताले अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(५) अनुगमन समितिले दिएको निर्देशन पालना नगर्ने उत्खनन् संकलन वा ढुवानी कर्तालाई समितिको निर्देशन पालना नगरेसम्म उत्खनन् संकलन वा ढुवानी कार्यमा रोक लगाउन सकिनेछ।

(६) उपदफा (५) बमोजिम रोक लगाइएकोमा सम्बन्धित उत्खनन्, संकलन वा ढुवानीकर्ताले अनुगमन समितिको निर्देशन बमोजिमको शर्त पुरा गरेको अवस्थामा रोक्का फुकुवा गर्न सकिनेछ।

(७) सम्बन्धितनगरपालिकाले ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न कार्यदल गठन गर्नुपर्नेछ र सो कार्यदलले अनुसूची –७ बमोजिम चेकलिष्ट बनाई नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(८) अनुगमन समितिले माग गरे बमोजिमको सूचना, तथ्याङ्क तथा अन्य प्राविधिक सहयोग नगरपालिकाले उपलब्ध गराउनुपर्नेछ।

(९) अनुगमनका क्रममा ठेक्काका शर्त उल्लङ्घन गरेको वा राजश्व छली गरी उत्खनन् तथा ओसारपसार गरेको पाईएमा त्यस्तो सङ्कलनकर्ता, उत्खनन्कर्ता र ढुवानीकर्तालाई अनुगमन समितिले त्यस्तो कार्य तत्काल रोक्ने निर्देशन दिन, सचेत गराउन वा अवैध मालवस्तु जफत गर्न सक्नेछ।

(१०) उपदफा (९) बमोजिम जफत गरिएको मालवस्तु सम्बन्धित नगरपालिकाले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी स्थानीय सञ्चित कोषमा आम्दानी जनाउनुपर्नेछ।

(११) अनुगमन समितिले प्रत्येक वर्षको भाद्र मसान्तपछि नदीको स्थलगत अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्था अनुसार वातावरणीय अध्ययन प्रतिवेदन संशोधन वा परिमार्जन गर्नुपर्ने भए सोही बमोजिम गर्न सम्बन्धित नगरपालिकालाई लेखी पठाउन सक्नेछ।

(१२) अनुगमन समितिले सम्बन्धित ठेकेदार, उत्खननकर्ता, खानी र क्रसर उद्योगलाई समितिको बैठकमा उत्खनन् तथा बिक्रिको बार्षिक कार्ययोजना प्रस्तुत गर्न लगाउन सक्नेछ।

(१३) प्रदेश तथा स्थानीय तहले समेत यस दफा बमोजिमको व्यवस्थामा प्रतिकूल असर नपर्ने गरी आ आफ्नो क्षेत्र भित्र हुने ढुङ्गा, गिट्टी, बालुवा जस्ता साधारण निर्माणमुखी पदार्थको उत्खनन्, संकलन र बिक्री कार्यको अनुगमनका लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(१४) जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च सम्बन्धित नगरपालिकाले उपलब्ध गराउनुपर्नेछ।

१६.नगरस्तरीय अनुगमन तथा मुल्याङ्कन सम्बन्धी व्यवस्था:-

(१) यस कार्यविधिमा उल्लेख भए अनुसार नगरपालिका क्षेत्र भित्रका नदी तथा खानी जन्य पदार्थहरुको उत्खनन, संकलन, ओसारपसार तथा विक्रिवितरण सम्वन्धमा अनुगमन तथा मुल्यांकन कार्यका लागि निम्नानुसार पदाधिकारीहरु रहेको एक नगर स्तरीय अनुगमन तथा मुल्यांकन समिति रहने छ।

(क) नगर उप-प्रमुख – संयोजक

(ख) नगर उप प्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) स्थानीय प्रहरी प्रमुख – सदस्य

(ङ) स्थानीय सशस्त्रप्रहरी बल प्रमुख – सदस्य

(२) उपदफा (१) बमोजिम नगरस्तरीय अनुगमन तथा मुल्याङकन समितिले नदी तथा खनिज जन्य पदार्थको मौज्दात प्रमाणितका लागि कुनै ठेकक बन्दोबस्त भएको ठेकेदार व्यवसायीबाट संकलित ढुङ्गा, ग्राबेल, बालुवा तथा नगर क्षेत्रमा संचालित क्रसर उद्योगमा रहेको प्राकृतिक श्रोत साधनको मौज्दात प्रमाणित प्रयोजनका सिलसिलामा पूर्वाधार विकास शाखा प्रमुख वा निजले तोकेको प्राविधि, प्रशासन शाखा प्रमुख, राजश्व शाखा प्रमुख र आवश्यक परे सम्बन्धित विषय विज्ञ सहित रहेको स्थलगत अनुगमन उप समिति गठन गर्न सक्ने छ। सो उप समितिले खरिद बिक्री भएका मालबस्तुहरुको परिमाण समेत भिडान गरी स्थलगत नापजाँच गरी लागत अनुगमन सहितको प्रतिवेदन लिई उक्त प्रतिवेदनको मौज्दात प्रमाणित गरी अभिलेखिकरण गर्न सक्ने छ।

(३) प्रचलित कानून बमोजिम संकलित नदी तथा खनिज जन्यपदार्थ नगर स्तरीय अनुगमन समितिले मौज्दात प्रमाणित गरी सोही परिमाणलाइ विक्री वितरण गर्न स्वीकृति दिनेछ।

(४) नगरस्तरीय अनुगमन समितिले मौज्दात प्रमाणित गरी विक्री वितरणको अनुमति दिंदा आर्थिक वर्षको मौज्दात शुन्य हुने गरी अनुमति दिनुपर्नेछ।

(५) नगरस्तरीय अनुगमन समितिले नगर पालिका क्षेत्रको अनुगमन गरी सो को प्रतिवेदन जिल्ला अनुगमन तथा समन्वय समिति समक्षपेश गर्नुपर्नेछ।

(६) मन्त्रालयले आफैँले वाआवश्यकताअनुसार प्रादेशिकअनुगमन समितिबनाई अनुगमन गर्न सक्नेछ।

१७. अनुगमन सम्बन्धी थप व्यवस्थाः-

(१) प्रदेश भित्रका क्षेत्रका ढुंङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन गर्ने कार्य र सो को प्रशोधन तथा विक्री वितरण गर्ने सम्बन्धी कार्यको लागि मन्त्रालयबाट गठन हुने प्रादेशिक अनुगमन समितिलाई जिल्ला सतरीय र नगर स्तरीय अनुगमन समितिले सहयोग गर्नु पर्नेछ।

(२) मन्त्रालयले सम्बन्धित जिल्ला समन्वय समितितथा नगरपालिका सँगको समन्वयमा ढुंङ्गा, गिट्टी, बालुवा व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी आवश्यक कदम चाल्न र निर्देशन दिनसक्नेछ। साथै जिल्ला समन्वय समितिले सम्बन्धित नगरपालिकासँगको समन्वयमा ढुंङ्गा, गिट्टी, बालुवा व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी आवश्यक कदमचाल्न र निर्देशन दिनसक्नेछ।

(३) ढुंङ्गा, गिट्टी, बालुवाको उत्खनन् कार्य प्रारम्भ भई सकेपछि यस कार्यविधि र वातावरण अध्ययन प्रतिवेदन बमोजिम भए/नभएको सम्बन्धमा नगरस्तरीय अनुगमन समितिले नियमित अनुगमन गर्नुपर्नेछ।

(४) संकलन, उत्खनन् तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण, राजस्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको जुनसुकै बेलाअनुगमन गर्न जिल्ला अनुगमन तथा समन्वय

समितिले आवश्यक जनशक्ति परिचालन गर्न सक्नेछ।

(५) अनुगमन कार्यका लागि परिचालित हुने जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिलाई नगरपालिकाले आवश्यकता अनुसार सहयोग गर्नुपर्नेछ।

(६) उल्लेखित अनुगमन व्यवस्था अनुसार उत्खनन् तथाओसार पसारका लागि यस कार्यविधिमा गरिएको सबै व्यवस्थाको परिपालना भए/नभएको, निषेधित क्षेत्रमा प्रवेश गरी चोरी उत्खनन् गरे नगरेको, अन्य सरकारी सार्वजनिक जग्गामा चोरी उत्खनन् भएको, तथा नदीजन्य पदार्थको राजस्वछली हुने अवस्था रहेको, अनुमति विना ठूला यान्त्रिक औजारको प्रयोग गरेको लगायतका विषयमा जिल्ला अनुगमन तथा समन्वय समितिले अनुगमन गरी प्रचलित व्यवस्था अनुसार कारबाही गर्न सक्ने छ।

(७) ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेल, नदी तथा खानी जन्यपदार्थको बजार मूल्यको अनुगमन नगरपालिकाले गर्ने छ।

(८) ठेक्का सम्झौता पालना नगरेमा वा राजस्व छली हुने गरी संकलन तथा ओसार पसार गरेमा वायो कार्यविधि विपरीत हुने गरी कुनै काम गरेमा प्रचलित कानुनको अधिनमा रही जरिवाना तोक्ने अधिकार जिल्ला अनुगमनतथा समन्वय समितिलाई हुनेछ। र त्यस्तो जरिवाना रकम नगरपालिकाको राजस्व खातामाजम्मा हुने छ।

(९) ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेलको उत्खनन् गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको हकमा एक्साभेटर डोजर लगायतका हेभि औजारको प्रयोग पूर्ण रुपले बन्देज गर्नुपर्नेछ। तर एक्साभेटर तथा ठूला गह्रौ उपकरण प्रयोग गरी उत्खनन् गर्दा कुनै नदीबाट दैनिक २५० घ.मी. नबढ्ने गरी दक्ष प्राविधिकको निगरानीमा कम भन्दा कम मेसिनहरु नगरपालिकाको अनुमतिमा प्रयोग गर्न सकिने छ।

निजी आवादी जग्गामा लेवल मिलाइ पाउन जग्गा धनीले जग्गाधनी दर्ता प्रमाण पूर्जा, नागरिकताको प्रमाणपत्र, नापी नक्सा, सांध–सधियाराहरुको सहमती, अमिनको प्रतिवेदन वडा कार्यालयको सिफारिस प्राविधिकको प्रतिवेदन समेतबाट उक्त जग्गा खोतीयोग्य बनाउन/मत्स्यापालन जस्ता व्यवसाय संचालन प्रयोजनको लागि उपयोग गर्न माग भइ आएमाखोलाको किनार देखि १०० मिटरको दुरी बाहिरको जग्गा र सार्वजनिक जग्गासंग सिमाना जोडिएको आवादी जग्गामा सार्वजनिक जग्गाको सिमानाबाट १०० मिटरको दुरी भित्रको जग्गामा मात्र इजाजत प्राप्त मेसिन उपकरण प्रयोग गर्न पाउने गरी नगरपालिकाले उपयुक्त प्रकृया अपनाइ काम सम्पन्न गर्ने समय अवधि तोकी इजाजत दिन सक्ने छ।

(१०) ढुंङ्गा, गिट्टी, बालुवा, ग्राभेलको उत्खनन् गर्दा वातावरणीय प्रतिवेदन तथा प्राविधिक समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख भए बमोजिम प्रत्येक वर्षको समय सकिए पछि नदीको अनुगमन गरी जम्मा भएको नदीजन्य पदार्थको अवस्थालाई स्थलगत रुपमा हेरी नदीको अवस्थाअनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन संशोधन गर्नुपर्ने भएमा प्राविधिक समितिको सिफारिसमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

(११) अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमको उत्खनन् योग्य परिणम उत्खनन् भइसकेको पाइएमा ठेक्का अवधि बाँकी रहे पनि उक्त नदीमा उत्खनन् गर्नेकार्य बन्द गर्नुपर्नेछ। यस प्रावधानलाई अनिवार्य रुपमा ठेक्का सम्झौतामा उल्लेख गर्नुपर्नेछ।

(१२) विगतमा आर्थिक वर्षमा ठेक्का लिई नदीकिनारा तथावन क्षेत्रमा भण्डारण गरेको नदीजन्यपदार्थ जफत गरी लिलाम गर्ने व्यवस्था सम्बन्धित नगरपालिकाले मिलाउनु पर्नेछ र उक्त कार्यमा जिल्ला अनुगमन तथा समन्वय समितिले सहयोग गर्नुपर्नेछ।

(१३) लिलाम सकारकर्ता संकलक फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यमा पूर्ण सहयोग गर्नुपर्नेछ।

१८. संकलन तथा विक्री वितरणमा रोकः-

(१) नदीजन्यवा खानीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा विक्रीवितरणको कारण कुनै स्थानमा दुर्लभ तथा संकटापन्न वनस्पति तथा वन्यजन्तुको वासस्थानमा खतरा, प्राकृतिक प्रकोप, पुरात्वात्विक महत्वका स्थल, भू–स्खलन भई क्षतिहुन

सक्ने स्थानवासरकारले सम्वेदनशील क्षेत्र भनी तोकेका स्थान, आवादी जग्गा भएता पनि खोलाको किनारबाट कम्तीमा १०० मिटर भित्रको स्थान र सार्वजनिक ऐलानी जग्गासंग सिमाना जोडिएको आवादी जग्गाको हकमा आवादी जग्गाबाट १०० मिटर भित्रको स्थान र कुनै सार्वजनिक प्राकृतिक स्रोतको दोहन हुनसक्ने स्थान लगायत अन्य जुनसुकै किसिमबाट विपदजन्य विषम परिस्थितिको श्रृजना हुने अवस्था भएमा जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसको आधारमा जिल्ला अनुगमन समिति तथा नगरपालिकाले जुनसुकै बखत नदीजन्य पदार्थको अन्वेषण, उत्खनन् तथा विक्रीवितरणमा रोक लगाउन सक्नेछ ।

(२) त्यसरी रोकलगाउँदा नगरपालिकाले रोक लगाउने स्थानको चारकिल्ला र समयावधि तोकि सूचना प्रकाशन गर्नेछ ।

## परिच्छेद–७

## नदीजन्य पदार्थको प्रशोधन सम्बन्धी व्यवस्था

१९. क्रसर तथा बालुवा उद्योग सञ्चालन सम्बन्धी दूरी कार्यविधि:-

(१) क्रसर उद्योगहरुको स्थापना सम्बन्धमा क्रसर उद्योग स्थापना गर्दा पालना गर्नुपर्ने दुरी सम्बन्धी कार्यविधि अनुसूचीमा तोकिए बमोजिम हुनेछ ।

(२) प्रस्तुत कार्यविधि लागू भएपछि नयाँ स्थापना हुने उद्योगहरुले वातावरणीय अध्ययन प्रतिवेदनमा संकलन, उत्खनन् गर्ने कच्चा पदार्थको स्थान, क्षेत्रफल, परिमाण, समयावधि र श्रोतको विवरण तथा त्यस्तो क्षेत्रको रेखांकन सहितको नापनक्सा अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ ।

(३) नदीजन्य वा खानीजन्य पदार्थ प्रशोधन कारखाना स्थापना गर्दा साइड ड्रेन र हिलो थेग्ने पोखरी (सेटिङ्ग पोण्ड) व्यवस्था गरेको हुनु पर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गरी स्थापना वा सञ्चालन गरेका, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत खुलाउनुपर्ने तथा हरेक वर्षको लागि असार मसान्तभित्र यस्तो उत्पादनको वार्षिक मौज्दात तथा आयव्यय सार्वजनिक गरी सोको जानकारी नगरपालिकालाई दिनुपर्नेछ । यस बमोजिमको कार्यविधि पुरा नगर्ने उद्योगहरु नगरपालिकाले तत्काल बन्द गर्न आदेश दिन सक्नेछ ।

(५) कार्यविधि पूरा नगरी स्थापना भई सञ्चालन भएका नदी तथा खनिज जन्यपदार्थ प्रशोधन उद्योगले तीन महिना भित्र यो कार्यविधि बमोजिम स्थानान्तरण हुनुपर्नेछ । दर्ता नभई सञ्चालनमा रहेका र उक्त अवधि भित्र स्थानान्तरण नहुने उद्योग स्वत: खारेज हुनेछ । तर काबुबाहिरको परिस्थिति सिर्जना भई स्थानान्तरण हुन नसकेमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

(६) नदी तथा खानी जन्यपदार्थ प्रशोधनकर्ता फर्म वा कम्पनीले आफ्नै खर्चमा वन कार्यालयको सहयोग लिई प्रशोधन गर्ने क्षेत्रको वरिपरि कम्तीमा दुई तहको वृक्षरोपण वा सेल्टरवेल्ट स्थापना गर्नुपर्नेछ।

(७) प्रशोधनकर्ताले सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र प्रशोधन गर्न पाइनेछ प्रशोधित पदार्थको स्टक चेकजाँच नगरस्तरीय अनुगमन समितिले गर्नुपर्नेछ।

(८) प्रशोधन सम्बन्धी क्रसर तथा बालुवा उद्योग संचालक फर्म वा कम्पनीले अनुगमन समितिलाई अनुगमन कार्यमा पूर्ण सहयोग गर्नुपर्नेछ।

(९) क्रसर उद्योगहरुको दूरीको कार्यविधि पालना नगर्ने साथै तोकिएको स्थानमा उद्योग संचालन नगर्ने उद्योगहरुलाई अनिवार्य रुपमा तोकिएका शर्तहरु पालना गर्न लगाउने र यसको नियमित एवं प्रभावकारी रुपमा अनुगमन गर्ने दायित्व नगरस्तरीय र जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिको हुनेछ। सर्त पालना गर्न नमानेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(१०) उद्योगले वार्षिक प्रगति प्रतिवेदन हरेक वर्ष सम्बन्धित नगरपालिकामा पेश गर्नुपर्नेछ।

(११) बालुवा, पांङ्गो धुने र प्रशोधन गर्ने मेसिन (फिरफिरे) संचालन गर्दा निस्कासन भएको धुलो, फोहोर आदिलाई प्रशोधन गर्ने व्यवस्था मिलाई प्रशोधित पानी मात्र नदी, खोला, खोल्सामा मिसाउने व्यवस्थालाई नगरपालिकाले कडाईका साथलागू गराउने छ।

(१२) जिल्ला अनुगमनतथा समन्वय समितिले अनुगमनको आधारमा क्रसर उद्योगहरुको काम कारबाही रोक्न सक्नेछ।

(१३) नदी तथा खानीजन्यपदार्थ प्रशोधन गर्ने उद्योगले प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावली बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभावमूल्याङ्कन प्रतिवेद तयार गरी सम्बन्धित निकायबाट स्वीकृत गराई एक प्रति आफुसँग राख्ने र एक/एकप्रति आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय र तालुक निकायमा पेश गर्नु पर्नेछ।

## परिच्छेद–८

## विविध

२०. आयोजना संचालन गर्दा उत्खनन् हुने पदार्थ सम्बन्धी व्यवस्था:

सडक तथा अन्य भौतिक पूर्वाधारका आयोजना निर्माणका क्रममा उत्खनन् हुने ढुङ्गा, गिट्टी, ग्राभेल,बालुवा, माटो जस्ता पदार्थहरु सम्बन्धित आयोजनाले प्रयोग गर्ने भएमा तोकिएको शुल्क नबुझाई प्रयोग गर्न सक्नेछ। आयोजनाले प्रयोग नगर्ने भएमा वा प्रयोग भई बढी हुने भएमा बढी भएको जति त्यस्ता पदार्थ नगरपालिकाले भण्डारण गरी प्रचलित कानुन बमोजिम लिलाम विक्री गर्ने छ।

२१.उत्खनन् गर्न अनुमति लिनुपर्ने:-

माछा पोखरी निर्माण, पेट्रोलपम्प निर्माण, आवास क्षेत्र निर्माण, आवादी जग्गा खेतीयोग्य बनाउने लगायतका वहानामा अनुमतिबिना ढुंङ्गा, गिट्टी, बालुवा,ग्राभेल उत्खनन् गर्न पाइने छैन। निजी जग्गाबाट ढुंङ्गा, गिट्टी, बालुवा तथा माटो उत्खनन् गर्नुपर्ने अवस्था आएमा तोकिएको राजस्वतिरी नगरपालिकाबाट अनुमति लिएर मात्र उत्खनन्, संकलन गर्न सकिने छ।

२२. स्थानीय बजार मूल्य निर्धारण:-

(१) स्थानीय बजारमा विक्री वितरण गरिने नदी तथा खानीजन्यपदार्थको मूल्यनिर्धारण गर्न देहाय बमोजिमको एक मूल्यनिर्धारण समिति रहनेछ।

(क) नगर उप प्रमुख – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगरपालिकाको अधिकृत – सदस्य

(ग) नगरपालिकाको भौतिक पूर्वाधार विकास शाखाको प्रमुख/इन्जिनियर – सदस्य

(घ) ठेक्का सकार कर्ताको प्रतिनिधि – सदस्य

(ङ) क्रसर व्यवसायी संघले तोकेको प्रतिनिधि – सदस्य

(२) उपदफा (१) बमोजिमको मूल्य तथा प्रशोधनका लागि लाग्ने लागत रकमको आधारमा कच्चा, अर्ध-प्रशोधित तथा प्रशोधित नदी तथा खानीजन्यपदार्थको बजार मूल्यनिर्धारण गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले मूल्यनिर्धारण गर्दा छिमेकी, स्थानीयतह, छिमेकी जिल्लाको

स्थानीय दरलाई पनि आधार लिनुपर्नेछ।

(४) नदी तथा खानी जन्यपदार्थ नगरपालिका क्षेत्रभन्द बाहिर निकासीगर्दा विक्रीमूल्यमा दुरी अनुसार को ढुवानी रकम थप गरी मूल्यनिर्धारण गरिनेछ।

२३, नदीजन्य पदार्थको सङ्कलन,उत्खनन् र विक्री: (१) नगरपालिकाले नदीजन्यपदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा देहाय बमोजिम गर्नुपर्नेछ:-

(क) उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्ने,

(ख) प्रचलित कानुन बमोजिम बातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने/गराउने,

(ग) प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नु पूर्व स्वीकृत बातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनःएकिन गर्ने,

(घ) नगर सभाद्वारा स्वीकृत दरमा उत्खनन् सङ्कलनको अनुमति र विक्रीको लागि ठेक्का व्यवस्था मिलाउने।

(२) नदी जन्य पदार्थको सङ्कलन र उत्खनन् गरिने क्षेत्र दुई वा दुई भन्दा बढी स्थानीय तहको क्षेत्रभित्र पर्ने अवस्थामा संयुक्त समिति बनाई सङ्कलन र उत्खनन् र विक्रीको व्यवस्था मिलाउन सकिनेछ।

(३) नदी जन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री वितरण कार्यको लागि ठेक्का व्यवस्था गर्नु पूर्व अनुसूचीमा तोकिए बमोजिमको चेकलिष्ट तयार गरि प्राविधिकबाट स्थलगत अनुगमन गराई ठेक्का बन्दोवस्त गर्नुपर्नेछ।

(४) नदीजन्य पदार्थ उत्खनन् गर्दा सामान्यता श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्नेछ। तर मेसिनको प्रयोग गर्नु पर्ने भएमा वातावणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्त र सिमाभित्र रही गर्नुपर्नेछ साथै विपद जोखिम संवेदनशील क्षेत्रमा मेसिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमति लिनुपर्नेछ।

(५) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्री बितरणको ठेक्का बन्दोवस्त सम्बन्धि सूचना अनुसूची– ८ बमोजिमको ढाचाँमा प्रकाशन गर्नुपर्नेछ। त्यस्तो सूचना बमोजिम ठेक्का प्राप्त गर्ने व्यक्तिसगँ अनुसूची– ९ बमोजिमको ढाचाँमा ठेक्का सम्झौता गरी अनुसूची–१० बमोजिमको ढाचाँमा पट्टा फारम दिनुपर्नेछ।

(६) उत्खनन् तथा सङ्कलन स्थल सम्म जाने र फर्कने मार्ग नगरपालिकाले तोक्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम तोकीएको मार्गमा उत्खनन् तथा सङ्कलनका लागि साधन सहित प्रवेश गर्दाका वखत अनुसूचीमा तोकिए बमोजिम प्रवेश आदेश लिएर मात्र प्रवेश गर्ने व्यवस्था मिलाई

सोको अभिलेख समेत राख्नुपर्नेछ।

(८) उत्खनन् गरी सकेपछि छनोट गरी छाडिएको काम नलागने वस्तु जुन स्थानबाट निकालिएको होसोही स्थानमा वातावरण अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिम तह मिलाई खाडल नहुनेगरी सम्याई राख्नुपर्नेछ।

(९) उत्खनन् र सङ्कलन कार्य गर्दा बातावणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका शर्त, ठेक्का शर्त, अनुगमन समितिले दिएका निर्देशन समेतको पालना गर्नुपर्नेछ।

(१०) उत्खनन्, सङ्कलन तथा ढुवानी कार्यमा संलग्न कामदारहरुको लागि खानेपानी, शौचालय, सूरक्षा, स्वास्थ्य र दुर्घटना विमा आदिको प्रबन्ध सम्वन्धित उत्खनन् सङ्कलन र ढुवानीकर्ताले मिलाउने गरी ठेक्का वन्दोवस्त गर्नुपर्नेछ।

(११) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन र बिक्री तथा ढुवानीको ठेक्का वन्दोवस्त गर्दा परिमाणको आधारमा वार्षिक रुपमा गर्नुपर्नेछ।

(१२) यस दफा बमोजिम संकलन र उत्खनन् कार्य गर्दा नदीको बहाव परिवर्तन नह्ने साथै सिचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपर्ने गरी गर्नुपर्नेछ।

(१३) प्राकृतिक प्रकोप, दैविक विपत्ति माहामारी लगायतबाट ठेक्का व्यवस्थापनको कार्यमा अवरोध सिर्जना हुन आइ छुट दिनुपर्ने भएमा नेपाल सरकार, विभिन्न तहका अदालतको आदेश वा नगर सभाको निर्णय बमोजिम हुनेछ।

२४. सम्वेदनशील क्षेत्र घोषणा गर्न सक्ने:-

ढुंङ्गा, गिट्टी, बालुवा, माटोको उत्खनन् वा संकलन गर्दा माटो, पानी, कृषि योग्यजमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा नगर कार्यपालिकाले नगर क्षेत्रभित्रको कुनै नदी वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि सम्वेदनशीलक्षेत्र घोषणा गरी ढुंङ्गा, गिट्टी, ग्राभेल, बालुवा, माटो, उत्खनन् र संकलनमा रोक लगाउन सक्नेछ।

२५. संरक्षण कार्यमा खर्च गर्नुपर्ने:-

नदीजन्य पदार्थको संकलन, प्रशोधन तथा विक्रीवितरण गर्ने उद्योगले खुदनाफाको दुई प्रतिशत रकम मन्त्रालयले तोकेको भू–संरक्षण कार्यमा खर्च गर्नुपर्नेछ वा सो रकम मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

२६. कार्य विधि विपरीत कार्य गर्नेलाई कारबाही तथा दण्ड जरिवाना हुने:-

(१) कार्यविधि विपरितको कार्य गरेमा त्यस्ता सवारी साधनहरुलाइ नेपाल प्रहरी र शसस्त्र प्रहरीवल, नगर प्रहरीले तुरुन्त नियन्त्रमा लिई अनुसूचि – ११ मा तोकिए बमोजिमको कसुर र दण्ड जरिवानाका लागि नगरपालिका कार्यालयमा सिफारिस गर्ने छ।

(२) निषेधित कार्य गरेवापतको दण्ड जरिवानाबाट प्राप्त रकमको बढीमा २५ प्रतिशत रकमसम्म कारवाहीमा संलग्न प्रहरी, कर्मचारी वा त्यस्तो जानकारी दिने व्यक्तिलाई प्रोत्साहन स्वरुप उपलव्ध गराउन सकिने छ।

(३) दण्ड जरिवाना वापत उठेको रकम नगरपालिकाको सम्बन्धित राजस्व खातामा जम्मा गर्नुपर्ने छ।

२७. अनुसूचीमा हेरफेर गर्न सक्ने:-

यो कार्यविधिको अनुसूचीमा आवश्यकता अनुसार नगरपालिकाले थपघट, हेरफेर र संशोधन गर्न सक्नेछ।

२८. फारम तयार गरी प्रयोग गर्न सक्ने:-

यो कार्यविधि कार्यान्वयनको लागि आवश्यक पर्ने फाराम नगरपालिका कार्यालयले तयार गरी प्रयोग गर्न सक्नेछ।

२९. बाधा अड्काउ फुकाउने:-

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्चन आएमा नगर कार्यपालिकाको स्वीकृतिमा नगरपालिकाले निर्णय गर्ने छ। यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गरी निर्देशन दिन सक्नेछ।

३०.विवाद समाधान:-

एक नगरपालिका वा अर्को नगरपालिका तथा एक स्थानीय तह वीच नदीको सीमाना तथा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो संकलन गर्ने विषयमा विवाद उत्पन्न भएमा जिल्ला समन्वय समितिको समन्वयमा विवादको समाधान गरिने छ।

३१.खारेजी र बचाउः-

१.यस कार्यविधि लागु भएको मिति देखि विभिन्न जिल्ला समन्वय समितिले जारी गरेका प्राकृतिक स्रोतको उपयोग सम्बन्धी फरक फरक कार्यविधि /निर्देशिकाहरु खारेज हुनेछन्। तर ती कार्यविधि/ निर्देशिकाको सेवा, शर्त अनुसार भए गरेका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

२. यस नगरपालिकामा प्राकृतिक स्रोत साधन विक्रि वितरण सम्बन्धी यस अघिका निर्णय बमोजिम भए गरेका कार्य यसै बमोजिम भएको मानिनेछ।

## अनुसूची –१

### (परिच्छेद–३ को दफा ५ को उप दफा (४) र (५) सँग सम्वन्धित)

### दुरी सम्वन्धि मापडण्ड

| क्र.स. | विवरण | दुरी सम्वन्धि मापदण्ड |
|---|---|---|
| क. | नदी ,खोलाको वर्षातको प्रवाहको प्रवाह सिमाको किनारबाट | ३०० मि. |
| ख. | हाईटेन्सन लाइनबाट | २०० मि. |
| ग. | राजमार्गको च्ष्नजत या ध्बथ बाट | ५०० मि. |
| घ. | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | २ कि.मि. |
| ङ. | निकुञ्ज,आरक्ष क्षेत्र | २ कि.मि. |
| च. | घना वस्ती | २ कि.मि. |
| छ. | वनक्षेत्रबाट | २ कि.मि. |
| ज. | पक्की पुलबाट | ५०० मि. |
| झ. | ऐतिहासिक ताल तलैया पोखरीबाट | ५०० मि. |
| ञ. | चुरे पहाडको फेदीबाट | १५०० मि. |
| ट. | अन्र्तराष्ट्रिय सिमा | कम्तिमा २ कि.मि. |

(नोटः- दुरी मापनगर्दा उद्योगको अन्तिम सिमानाको बाहिरी घेराबाट मापन गर्नुपर्नेछ ।)

**अनुसूची – २**

**(परिच्छेद–४ को दफा ८(४) सँग सम्वन्धित)**

**नदी तथा खानीजन्य पदार्थ संकलन ईजाजत/अनुमतिपत्र**

**जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय**

**कुस्मीशेरा**

ईजाजत नं.

१.संकलन/उत्खनन् गर्न अनुमतिप्राप्त गर्ने फर्म/कम्पनीवा संस्थाको नाम/ ठेगाना:-

एब्लखब्त्नं . प्रोपाईटरको नाम र ठेगाना:

२. संकलन गर्ने स्थान

ठेगाााना:-

नदी/खोला/खोल्सा/स्थानको नाम:-………………………….. चार किल्ला:- ………………

पूर्व: पश्चिम :

उत्तर: दक्षिण:

लम्वाई: चौडाई: जि.पी.एस.लोकेशन:- ……. उल्लेखित संकलन गर्न सकिने परिमाण

४. उत्खनन् अनुमतिको परिमाण (घन फिट):

५. प्रवेशतथानिकासी गर्ने नाकावा स्थानको नाम:

६. उत्खननमा प्रयोगहुने मेसिनतथा सवारी साधनको विवरण ७. घाटागद्धी गर्ने स्थानको

ठेगाना चारकिल्लाको

पूर्व: पश्चिम:

उत्तर: दक्षिण:

जि.पी.एस.लोकेशन ईजाजतदिने पदाधिकारीको:

नामथर:

पद:

हस्ताक्षर:

**अनुसूची–३**

**(परिच्छेद –४ दफा १० को उपदफा (३) सगँ सम्बन्धित)**

**उत्खनन् स्थलमा राखु पर्ने सूचना पाटीको नमूना**

साधारण निर्माणमुखी नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी गर्ने कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थलः

(ख) उत्खनन्, सङ्कलनको विवरण

१. नदी वा खानीको नामः २. ठाउँको नामः

३. उत्खनन् गरिने परीमाण घनफिट माः

४. उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६. उत्खनन् गर्ने अवधिः मिति २०...। ....। गते बाट २०.... ।... । भित्र ।

(कुनै गुनासो वा थप जानकारीको लीाग .................. नगरपालिकामा सम्पर्क गर्ने)

## अनुसूची–४
**(परिच्छेद –४ दफा १० को उपदफा (६) सगँ सम्बन्धित)**
**पटके प्रवेश आदेश**

ढुङ्घा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र ढुवानी कार्यको लागि वातावरणीय अध्ययन प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा अनिवार्य प्रयोग गरिनु पर्ने परीमाण नियन्त्रण तथा **नदी प्रवेश आदेश**

सवारी साधनको नाम र नम्वर नदी नामः

नाका वा स्थानको नामः

प्रवेश आदेश मितिः समयः प्रवेश आदेश नं नदी प्रवेश आदेश विवरण

१. ढुवानी गरी लैजाने नाकाको नामः

ठेगानाः सम्पर्क फोन नः

२. ढुवानी गरिने पदार्थको नामः

३. ढुवानी गरी लैजाने साधनको नामः

४. निकाली लैजाने पदार्थको परीमाणः

५ ढुवानी गरी लैजाने स्थानः

६. ढुवानी गरी लैजाने पदार्थको प्रयोजनः

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजी निर्माण

(ख) सार्वजनिक निर्माण

(ग) प्रशोधन पछि बिक्री

(घ) अन्य (प्रयोजन खुलाउने...........................................................)

(नोट यो आदेश नलिई ढुङ्गा, गिट्टी, वालुवा जस्ता साधारण निर्माणमूखी नदीजन्य पर्दाथ उत्खनन्, सङ्कलन गर्ने सवारी साधन नदीमा प्रवेश गर्न, ओसार—पसार गर्न र संचय वा भण्डारण गर्न निषेध गरिएको छ। कही कतै त्यस्तो पाईएमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ।)

प्रवेश आदेश दिने कर्मचारीको नाम थरः

सहि

ठेकेदार वा प्रतिनिधिको नाम थरः

सही

**अनुसूची– ५**

**(परिच्छेद –४ दफा १० को उपदफा (६) सगँ सम्बन्धित)**

**दैनिक पटक बिक्री वा ढुवानी अभिलेख तेरीज**

नदीजन्य तथा खानीजन्य ढुङ्गग,गिट्टी,वालुवा जस्ता साधारण निर्माणमुखी पदार्थ उत्खनन् र सङ्कलन कार्यको लागि वातावरणीय अध्यनन् कार्यान्वयनका सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयारगरिने अभिलेख तेरीज

नदी वा खानीको नामः नाकाको नामः

मितिः

| क्र.स. | ढुवानी मिति | पटके विक्री आदेश नं | पटके विक्री भएको परिमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

नोटः यो फारम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी देनिक रुपमा नगरपालिकालाई अनिवार्य रुपमा पठाउनु पर्नेछ।

**अनुसुची — ६**

**(परिच्छेद –४ दफा १३ को उपदफा (६) संग सम्बन्धित)**

**(उत्खनन्कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)**

खानी वा नदीबाट ढुङ्गा, गिट्टी र वालुवा जस्ता साधारण निर्माणमूखी पदार्थ उत्खनन् ओसार पोसार कार्यको लागी वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयनका सन्दर्भमा उत्खनन् स्थान अनुसारपरिमाण नियन्त्रणका लागि दैनिक तयार गरिनु पर्ने अभिलेख

| क्र.स. | उत्खनन गरिएको मिति | उत्खनन गरिएको परिमाण | उत्खननकर्ता वा प्रतिनिधिको दस्तखत | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**अनुसूची(७**

**(परिच्छेद – ६ दफा १५ को उपदफा (७) संग सम्बन्धित)**

**नदी वातावरण अवस्था निरिक्षण चेकलिष्ट**

| क्र.स. | विवरण | छ वा छैन | कैफियत |
|---|---|---|---|
| १ | वातावरणीय अध्ययन प्रतिपेदनले औंल्याएका विषयहरु अनुसारको व्यवस्था | | |
| २ | वातावरणीय अध्ययन प्रतिवेदनले सङ्कलन तथा उत्खनन्को लागि तोकेको क्षेत्रको परिवर्तन भएको | | |
| ३ | ढुङ्गा,गिट्ट,वालुवा गेगर जस्ता पदार्थको अवस्था परिवर्तन | | |
| ४ | सङ्कलन, उत्खनन् र ढुवानीकोलागि नयाँ प्रावधान आवश्यकता | | |
| ५ | नदीले वहाव परिवर्तन गरेको | | |
| ६ | वातावरण अध्ययन प्रतिवेदनले औंल्याए पहिलेको अवस्था | | |
| ७ | अधिल्लो वातावरण अध्ययन प्रतिवेदनले औंल्याए अनुसार सङ्कलन तथा उत्खनन् गर्न मिल्ने अवस्था | | |
| ८ | नदीले नयाँ पदार्थ थुपारेको वा बगाएको अवस्था | | |
| ९ | उत्खनन् गरिने परीमाण, चौकिल्ला रेखाकनं सहितको नाप नक्शा राखेको क्षेत्रको अवस्था यथावत रहेको | | |
| १० | अन्य | | |

नोट वातावरणीय अध्ययन प्रतिपेदनसगँ आवद्ध गरी यो निरीक्षण चेक लिष्टको प्रयोग गर्नुपर्नेछ।

## अनुसूची – ८

**(परिच्छेद –८ दफा २३ को उपदफा (५) संग सम्बन्धित)**

नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना प्रथम पटक प्रकाशित मिति ................

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क. र यस ....................नगरपालिकाको आर्थिक ऐन, .... २०.... को दफा ........ को व्यवथा बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खन्न् गरी ............. नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गनुपर्नु भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. .............. को कर चुक्ता प्रमाणपत्र

र नेपाली नागरिकतकको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | सूचना नं/बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परीणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवासुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |

**शर्तहरु:**

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व................. को करचुक्ता प्रमाणपत्रको प्रमााणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा .................. बैंक शखा कार्यालय ............ मा रहेको यस कार्यालयको खाता नं. ............ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले .......... औँ दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ । साथै

विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको धधध|दयउिबतचब|नयख|लउ बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको ‘‘‘।। वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ । बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको‘‘।। प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको ‘‘‘।। मा रहेको धरौटी खाता नं.‘‘‘जम्मा गरी सोको संङ्कनल बैक भौचर वा ‘‘‘। बैंकबाट इजाजत प्रास ‘‘‘।। बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं . र नाम उल्लेख गरी ‘‘‘। दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नु पर्नेछ । खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम,ठेगाना,फोन नं, मोबाइल नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सुचना प्रकाशित भएको मितिले‘‘‘। औं दिन दिनको ‘‘।। बजे भित्र यस कार्यालयमा हार्डकपी वा विद्युतीय प्रति दर्ता गर्नु पर्नेछ । एक फर्म वा सस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्न अन्तिम दिनको ‘‘‘‘। ब्जे देखी विभिन्न कार्यालयका प्रतिनिधि,निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय दिनमा गरिनेछ । प्रि–बिड बैठक यो सूचना प्रकाशित मितिले‘‘‘‘‘।। औं दिनको ‘‘‘‘‘‘ बजे ‘‘‘‘।। नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ । बोलपत्र सम्वन्धि जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेखित गरिएको हुदाँ सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि, रीत नपुगी वा शर्त सहित पेश हुन आएका वोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकार गर्ने नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यलयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले..................दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत................... प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ता बापत ...........प्रतिशतले हुने रकम ईजाजत प्रास .................... बैंकबाट यस कार्यालयको नाममा .................... साल ............... मसान्त सम्म म्याद सहित जारी गरिएको बैकं ग्यारेन्टी ( परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अकं सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप ...........%भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ । तोएिको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिका नदी तथा

नदीहरु उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालनमा ऐन,२०७४ सम्बन्धित स्थानिय तहबाट जारी भएका कानून,प्रदेश कानून तथा अन्य प्रचलित कानून वा कार्यविधि बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

(नोट विस्तृत जानकारी लागि यस कार्यालयको धभदकष्तभ ...............मा समेत हेर्न सकिनेछ।)

## अनुसूची ९

### (परिच्छेद –८ दफा २३ को उपदफा (५) सँग सम्बन्धित) ठेक्का सम्झौता फाराम

लिखितम ......................... नाती .......................... छोरा ................ जिल्ला ...........गाँउपालिका /नगरपालिका वडा नं .......... स्थायी घर भई हाल ..................... गााउँपालिका /नगरपालिका वडा न ............ मा वसोवास गर्दै आएको वर्ष ................ को ............. ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ................ ठेक्का न. ............. को सूचना बमोजिम ढङ्गुा,गिट्टी र बालुवा उत्खनन,सङ्कलन तथा बिक्री वितरणका लागि तपाइँ समेतले पेश गर्नु भएको बोलपत्र मूल्यांकन गर्दा आ.व. ................. का लागि ................. रु .......... ( मू.अ.कर बाहेक ) मा तपाईसँग ठेक्का सम्झौता गर्न मिति .............. यस कार्यालयबाट निर्णय भएको हुँदा उपर्युक्त निर्णय अनुसार तपसिलमा शर्त बमोजिमका क्षेत्रमा ................ नगरपालिकाको तर्फबाट आय सङ्कलन गर्ने ठेक्काको मञ्जुरी भई सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कमाकाज गरी मिति ................ मा यस कार्यालयलाई ................. प्रतिशत छुट पाउने रकम कटाइ सम्पूर्ण किस्ताको रकम एकमसष्ट रु ....................... (मू.अ.कर बाहेक) बुझाई मिति................ देखि ................. सम्म आ.व..................... को लागि ठेक्का चलाउनेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन , गरे यसै कागजातबाट बदर गरीदिनु भनी मेरो मनोमानी राजीखुसी सँग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिल

(१) यस सम्झौतापत्रमा उल्लृख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधनीमा रही आ.व. .......... का लागि .............. प्रतिशत छुट पाउने रकम कटाई सम्पूर्ण किस्ताको रकम एकमुष्ट रु ........... । ( मू.अ.कर बाहेक ) वा प्रथम किस्ता बापतको रु ( मू.अ.कर बाहेक ) बुझाई ........ गते देखि .......... सम्मको लागि प्रचलित कानूनको अधीनमा रही .............. आय सङ्कलन गर्नेछु ।

(२) उक्त आय सङ्कलन गर्नका लागि नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथ संलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य,सेवा शुल्क वा दस्तुरको रुपमा आय सङ्कलन गर्ने गरी नगरपालिका ............ लाई एकमृष्ट वा प्रथम किस्ता बापतको रकम बुझााएको छु ।

(३) सो आय सङ्कलन गर्न नगरपालिकाबाट निर्धारण भएको बस्तुमा तोकिदिएको दर बाहेक अन्य कुनै किसिमको कर सेवाशुल्क, दस्तुर इत्यादि थप गरी लिने छैन र .................. नगरपालिका प्रमाणित गरिए बाहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गर्ने छैन । अनुगमन समिति वा स्थानीय तहबाट अनुगमन हुँदा कुनै अनधिकृत रकम असुल उपर

गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय भउमा मलाई मजुर छ। नदीजन्य पदार्थहरु उत्खनन सङ्कलन र बिक्री वितरण गर्ने शर्तहरुः

१.साधारण निर्माणमुखी नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन तथा बिक्री वितरण गर्नुपर्नेछ।

२ साधारण निर्मामुखी नदीजन्य पदार्थको उत्खनन सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अुनगमन समिति तथा नगरपालिका अुनगमन गरी

आवश्यक निर्देशन दिन सक्नेछ। निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ।

३ ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंकको साथै उत्खननको लागि उल्लिखित परीमाणको आधारमा बिक्री शुलक बापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप................ मू.अ.कर रकम समेत गरी एकमुष्ट वा ................. किस्तामा .............. प्रतिशतका दरले ............... मसान्त भित्र र ............ महिनाको अन्तिममा यस कार्यालयमा बुझाउनुपर्नेछ।

४ यस नगरपालिकाका नदी उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ प्रदेश कानून नदीजन्य निर्माण सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन अभित्र अंग रहनेछन्।

५ यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु बाहेक नदीजन्य पदार्थको उत्खनन्, सकंलन तथा विक्री वितरण कार्य चुरे, मध्यवर्ती क्षेत्र, राष्ट्रिय निकुञ्ज, सामुदायिक वन र नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाइनेछैन।

६. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको संकलन केन्द्रमा मात्र उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक

राजमार्गमा ढाट राख्न पाइनेछैन।

७. नेपाल सरकार वा ............... नगरपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंमले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइनेछैन।

८. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टा छुटै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरि यस कार्यलयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ।

९. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होरडिङ बोर्ड कर

संकलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नु पर्नेछ।

१०. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।

११. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनु पर्ने किस्ता रकम नबुझाएमा ...................... नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानी नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी किस्ता रकमको ..... %का दरले ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ।

१२. ...............नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असूल गरिसकेको निर्माण सामग्रीमापुन अर्को

स्थानीय तहबाट कर लगाउन पाइने छैन।

१३. .......... नगरपालिकाले बिक्री मूल्य वा शूल्क कर असुल गरिसकेको निर्माण सामग्रीपुनःअर्को स्थानीय तहबाट कर लागाउन पाईने छैन।

१४. प्रचलित ऐन, नियम बेमोजिम ठेक्काको शर्त तथा दर रेटमा कुनै संशोधन भएमा संसोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ।

१५. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नु पर्नेछ। तोकिएको स्थान बाहेकअन्य स्थानमा सङ्कलन केन्द्र राख्नु पर्ने भएमा नगरपालिकाको पूवस्वीकृति लिएर मात्र राख्नु पर्नेछ।

सङ्कलन केन्द्र राख्ने स्थानः

| क्र.स. | ठेक्काको किसिम | सङ्कलन केन्द्र राख्ने स्थान | कैफियत |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |

१६. आ.व. ................ को लागि निम्नानुसारको नदीजन्य सामग्रीमा प्रति घन फिट बिक्री दर रु.........मा मू.अ.कर बापत ........... प्रतिशत थप गरी निम्न अनुसार बिक्री मूल्य वा शुल्कसङ्कलन गर्न पाइनेछ। साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाईनेछ।

१७. उत्खनन् सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमूखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ। शुन्य गर्न नसककेको परिणाम नगरपालिकाले जफत गरी लिलाम विक्री गर्नेछ।

१८. साधारण निर्माणमूखी नदीजन्य तथा खानीजन्य पदार्थ बिक्रि बापत नगरपालिका लाई बुझाउनु पर्ने बिक्रि शुल्कको विवरण देहायको ढाँचामा राख्नुपर्नेछ।

(प्रति घन फिटमा)

| नदिजन्य वा खानीजन्य पदार्थ | ठेकेदारले लिन पाउने बिक्री मुल्य वा शुल्क (.......%) | मु.अ. कर रकम(......%) | कुल जम्मा |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

१९. सामान्य निर्माणमूखी नदीजन्य उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका साथै रुपान्तरणकारी आयोजनाहरुलाई बिशेष प्राथमिकता दिनुपर्नेछ।

२०. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन।

२१. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालाना गर्नु पर्नेछ र सोको नियमित

रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ। यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाईएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिईनेछैन।

२२. साधारण निर्माणमूखी नदीजन्य पदार्थ उत्खनन र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी वालुवा आदि सङ्कलन तथा ढूवानी गर्नु पर्नेछ।

२३. साधारण निर्माणमूखी पदार्थ उत्खनन् स्थल सम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नु पर्नछ। सो बापत लागेको खर्च नगरपालिकामा दाबी गर्न पाईने छैन।

२४. उत्खनन गर्दा नजिक रहेका सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नु पर्नेछ।

२५. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुबैतर्फ दुई सय मिटर भित्र निर्माण सामग्रीहरु उत्खनन् गर्न पाईनेछैन।

२६. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मन्जुरीमा लिनु पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालय सँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ।

२७. ठेक्का सम्झौता भएको मितिको भोपिल्ट देखि .................. सम्म विहान ............... बजे देखि बेलुका .....बजे सम्म मात्र उत्खनन् एवं सङ्कलन समय अबधि हुनेछ ।

२८. साधारण निर्माणमखि नदीजन्य तथा खानिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्स्काभेटर, डोजरजस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वाताबरणीय प्रतिवेदनको प्राबधानमा उल्लेख भएका शर्त तथा सीमाभित्र रही मात्र प्रयोग गर्न पर्नेछ ।

२९. ठेक्का लागेको स्थानबाट दस्तुर वा शुल्क छलि मालबस्तु उठाई अन्यत्र लगेका बा स्टक गरेको फेला परेमा त्यस्तो मालबस्तुको दस्तुर वा शुल्क जुनसुकै स्थानमा लगेको भएपनि सम्बन्धित ठेकेदारले उठाउन सक्नेछ ।

३०. उत्खनन् पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामगी्रहरु जुन स्थालबाट निकालिएको हो, सोही

स्थलमा लगी पूर्व अबस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइनेछैन ।

३१. साधारण निर्माणमुखि नदीजन्य पर्दाथको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पुर्ण सुरक्षा सतर्कतासाथ उत्खनन् तथा बिक्रि प्रबन्ध मिलाउनु पर्नेछ ।

३२. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकुल प्रभाब नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनु पर्नेछ । साथौ कामदार तथा कर्मचारहरुको सुरक्षाको लागि बीमा गर्ने गराउने दायित्व समेत निज ठेकदारको हुनेछ ।

३३. स्वीकूत वातावरण प्रतीवेदना उल्लेख भएका वातावरणीय प्रभाव नयूनकिरणीय उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ उत्ख्नन् सङ्खलन तथा बिक्री गर्नु पर्नेछ ।

३४. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा नभएका कुराहरुको हकामा प्रचलित कानून बमोजिम हुनेछ ।

**अनुसूची–१०**

**(परिच्छेद – ८ दफा २३ को उपदफा (५) संग सम्बन्धित)**

**पट्टाको नमुना फाराम**

...............गाउँपालिका /नगरपालिका श्री......................को नाती.......................को छोरा ................. जिल्ला .............. गा.पा. वा.न.पा.वडा नं. ............... स्थायी घर भई हाल .................. गाा.पा. वा ना.पा. वडा नं..........................मा वसोवास गर्दै आएको वर्ष .................. को ................... ले ........................... कानून बमोजिम .................... गाउँपालिका वा नगरपालिकाको निमित्त बमोजिमको शर्तमा तपसिल बमोजिमका श्रेत्रमा तपसिल बमोजिमको दरले आय रकम सङ्कलन गर्ने गरी यस ............... नगरपालिकाबाट बोलपत्र आव्हान गरिए अनुसार तपाईँ समेतले दिनु भएको बोलपत्रको मूल्याङ्खन हुँदा आ.व ...........................को लागिद रु. ................. । –(मू.अ.कर बाहेक) अक्षरुपी ......................मात्रमा ठेक्का दिने गरी तपाई संग ठेक्का वन्दोवस्ता गर्न मिति ........................... मा यस नगरपालिकाबाट भएको हुदाँ कवुलियत बमोजिम घटीवढी नपारी तपसीलमा लेखिए बमोजिमको मिति भित्र ........... नगरपालिकालाई सम्पूर्ण किस्ताको रकम रु. .............।–वा प्रथम किस्ता बापतको रकम रु .................... बुझाइ मिति .................. देखी मिति .............. सम्म आ.व....................को लागि देहाय बमोजिमका स्रोतहरुवाट देहाय बमोजिमको दरमा बिक्री मूल्य वा शुल्क सङ्कलन गर्ने कार्य गर्नुहोला । तपाईले गरी दिनुभएको संझौता र यो पट्टाको वर्खिलाप कामकाज गरेको वा देहायमा उल्लेख भएको नाम कालो सूचमिा रीखने र त्यसबाट यस नगरपालिकालाई हुन जाने नोक्सानीको सम्पूर्ण रकम तपाईले राखेको बैँक जमानत वा नगदै दीखला गरेको रकमबाट असुल उपर गरिनेछ । पछि तपाईको कुनै कुरामा उजुर दाबी लाग्ने छैन भनी आजै यस .............. नगरपालिकाकाबाट ठेक्का चलनको पूर्जी गरिदईएको छ ।

तपसिल

(१) सम्झौतामा उल्लेख गरिए बमोजिमका क्षेत्र भित्र र शर्तको अधिनमा रही आ.व. .........को सम्पूर्ण किस्ता वा प्रथम किस्ता बापतको रकम रु. ..........।– बुझाई ............. साल........... गते देखी .......... साल .......... सम्मलाई प्रचलित कानैनको अधिनमा रही...........नगरपालिकाको आय सङ्कलन गर्ने ।

(२) उक्त आय सङ्कलन गर्नका निमित्त .........नगरपालिका क्षेत्र भित्र रहेका यसैसाथसंलग्न सूचीका मालवस्तुमा सोही सूचीमा तोकिएको दरमा बिक्री मूल्य वा शुल्कको रुपमा आय सङ्कलन गर्नेछु । यसरी आय सङ्कलन गर्दा करदातालाई दिइने भरपाई रसीद यसै नगरपालिकाबाट प्रमाणित गराई प्रयोग गर्नेछु ।

(३) सो आय सङ्कलन गर्न ................ नगरपालिकाको कार्यालयबाट निर्धारण भएको वस्तुमा तोकिदिएको दर बमोजिम बाहेक अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर इतयादि लगाई लिइने छैन र यस कार्यालयबाट प्रमाणित

गरिए बमहेकका रसीदहरु प्रयोग गरी आय सङ्कलन गरीने छैन । यदी कुनै अनधिकृत रकम असुल उपर गरेको वा अनधिकृत रसीद प्रयोग गरेको पाईएमा नियमानुसार कारबाही र सजाय हुनेछ ।

(४) अन्य कुराहरु तपाई र यस नगरपालिकाको कार्यालय वीच भएको संझौता बमोजिम हुनेछ ।

(५) साधारण निर्माणमुखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्दा देहायका रुथानबाट निम्न बमोजिमको परीमाणमा मात्र गनुपर्नेछ ।

| क्र.स. | नदीजन्यपदार्थ उत्खनन् गर्ने स्थान र नदीको नाम | बालुवा (क्यू.फि.) | ढुङ्गा (क्यू.फि.) | ग्राभेल/गिट्टी(क्यू.फि.) | सङ्कलन गर्ने रुथान |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

## अनुसूची ११

### (परिच्छेद–८ को दफा ६ (१) सँग सम्वन्धित)

### कसुर र दण्ड सजाय

| सि.नं. | कसुरको किसिम | दण्ड जरिवाना |
|---|---|---|
| १ | नदीको वहाव भित्र मेशिन प्रवेश गराइ सामाग्री संकलन गरेको अवस्थामा पक्राउ परेमा | प्रदेश कानून/समिति/नगरसभाबाट निर्णय भए सरह |
| २ | विना इजाजत मेशिन औजार प्रयोग गरेमा | ु |
| ३, | तोकिएको भन्दा वढी गहिराइमा प्रवेश गरी उत्खनन गरेमा | ु |
| ४, | तोकिएको भन्दा वढी संख्यामा मेशिन प्रयोग गरेमा प्रति मेशिनको | ु |
| ५, | रातीको समयमा उत्खनन वा संकलन गरेमा | ु |
| ६, | नदीको वहाव परिवर्तन गरी उत्खनन गरेमा | ु |
| ७, | निषेधित क्षेत्रमा प्रवेश गरी उत्खनन वा संकलन गरेमा | ु |
| ८, | माथि उल्लेखित कसुर क्रमशः प्रथम पटक र पछिल्ला प्रत्येक पटक दोहोऱ्याएमा | ु |
| ९, | पानी चुहाउदै नदीजन्य श्रोतको ढुवानी गरेमा | ु |
| १० | प्रवेश पास,राजस्व तिरेको निस्सा नलिई उत्खनन, संकलन स्थलमा प्रवेश गरेमा | |
| ११ | उत्खनन वा संकलन कार्यको लगत/तेरिज नराखेमा वा चोरी निकासी संकलन गरेमा वा सडक क्षेत्राधिकार भित्र सञ्चय गरीराखेमा | |
| १२ | उल्लेख गरिए वाहेकका अन्य कसुर गरेमा | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत